S.S. ACADEMY
Near Old Buspark, Adwait Marga, Kathmandu (पुरानो बसपार्क बन्दै गरेको भ्यू टावर हुँदै शहिद शुक्र स्कुलको अगाडि)
Contact No.: 9851123157, 9841353362, ss.academy
इमेलः ssacademy49@gmail.com, वेबसाईटः www.ssstudycenter1.com

# लेखा जमक पदको लागी - बजेट सम्बन्धी जानकारी

**सरकारी बजेट - राजनीतिक, कानूनी आर्थिक दस्तावेज , आय र व्ययको विवरण**

- बजेटको मूल अवधारणा "No Taxation without Representation " हो । यो सरकारको विगत र वर्तमानको आर्थिक अवस्थाको मूल्याङ्कनको आधारमा आगामी बर्षमा गरीने कार्यक्रमहरुको लाग्ने अनुमानित खर्च र सो खर्च जुटाउने स्रोतहरुको अनुमान हो ।
- बजेट विस्तृत तथा समन्वयात्मक वित्तीय योजना हो र सार्वजनिक निकायका काम-कारवाहिलाई अपेक्षित र नियन्त्रित वनाउन बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यो सार्वजनिक निकायका कार्यहरुलाई निश्चित मापदण्ड वमोजिम संचलान गर्ने व्यबस्थापकिय औजार हो । बजेट राजश्व र व्ययको अनुमानका अतिरिक्त राष्ट्रिय कोषको संचालनको अख्तियारी प्रदान गर्ने दस्तावेज समेत हो ।

**बजेटको अवधारणा**

- बजेट विश्वामा सर्वप्रथम सन् १७३३ मा बेलायतवाट भएको हो । बेलायतका तत्कालिन वित्तमन्त्री वालपोलले सर्वप्रथम बजेट प्रस्तुत गरेका थिए।
- नेपालमा भने वि.स २००७ सालको प्रजातन्त्र पश्चात तत्कालिन अर्थमन्त्रि सुवर्ण शमशेरले वि.स २००८ साल माघ २१ गते प्रथम पटक बजेट पेश गरेका थिए । नेपालमा बजेटमा अनुमानित राजश्व ३.०५ करोड र अनुमानितत व्यय ५.२५ करोड थियो ।
- वि.स २०१३ सालमा पञ्चवर्षिय योजनको थालनी भए पश्चात बजेट लाई साधारण र विकास वजेट गरी २ भागमा वर्गिकरण गरीएको पाईन्छ । त्यसैगरी वि.स २०२६ साल देखि नेपालमा कार्यक्रम वजेटको शुरुवात भएको थियो । हाल नेपालको बजेट लाई चालु खर्च पूँजिगत र वित्तीय व्यबस्था गरी ३ भागमा विभाजन गरीन्छ ।


**बजेट तर्जुमा प्रक्रियाः**

- बजेट तर्जुमा गर्ने जिम्मेवारी अर्थमन्त्रालयको हुने गर्दछ । अर्थ मन्त्रालयले तर्जुमा गरेको बजेटको स्वामित्व नेपाल सरकारले लिने र अर्थमन्त्री मार्फत संसदमा पेश भई संसदीय स्वीकृति लिने संवैधानिक व्यवस्था रहेको छ ।
- बजेट तर्जुमा र निर्माणका दुवै तल देखी माथि र माथि देखि तल (Top Down & Bottom up Approaches ) LMBIS मा Entry गरिन्छ ।

S.S.ACADEMY

- अर्थमन्त्रालयबाट प्राप्त अख्तियारी सम्बन्धित मन्त्रालय विभाग हुँदै कार्यान्वयन तह सम्म पुग्ने गर्दछ
- उल्लेखित बजेट तर्जुमाका कार्य कानूनले तोकेको समयावधिभित्र गर्नुपर्दछ ।
- सम्बन्धित निकायले बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले तय गरेको प्राथमिकता र रणनीतिको आधारमा रहि प्रत्येक तालुक कार्यालयले मातहतका कार्यालयहरु संग समन्वयमा तयार गर्नुपर्दछ ।यसरी तयार गर्दाः
    - गत वर्षको वास्तविक खर्च
    - चालु आ.व.को नीति तथा कार्यक्रम
    - अन्य सम्बन्धित खर्चहरुलाई आधार लिनुपर्दछ ।

संघिय सरकारको बजेट तर्जुमा प्रक्रियाः




S.ACADEMY

**प्रदेश सरकारको बजेट तर्जुमा प्रकिया**

- आय व्ययको प्रक्षेपण सहित संघ समक्ष पेश गर्ने
- संघ वाट प्रदेश लाई बजेट सिलिङ् प्राप्त गर्ने
- बजेट तथा स्रोत समितिले सिमा निर्धारण गर्ने
- आर्थिक मामिला मन्त्रालयले अन्य मन्त्रालयलाई सिलिङ् पठाउने
- बिषयगत योजना तथा बजेट प्रस्तुत
- बजेट छलफल तथा बजेटको अन्तिम रुप प्रदान
- प्रदेश सभामा बजेट पेश गर्ने
- प्रदेश सभावाट बजेट पारीत गर्ने

**प्रदेश सरकारले PLMBIS को प्रयोग गरी बजेट निर्माण कार्य सम्पन्न गर्दछ ।**

**स्थानीय तहको बजेट निर्माण प्रक्रिया**

- आय व्ययको प्रक्षेपण सहित संघ समक्ष पेश गर्ने
- संघ वाट स्थानीयतह लाई बजेट सिलिङ् प्राप्त गर्ने
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्ने
- बस्तिस्तर वाट योजना छनौट गर्ने
- वडातहमा योजना प्राथमिकिकरणमा जोड
- बजेट तथा कार्यक्रमा तर्जुमा
- पालिका वाट बजेट स्वीकृत गरी सभामा पेश
- सभावाट स्वीकृति

**बजेट तर्जुमाको जिम्मेवारीः**

आगामी आर्थिक वर्षको लागि बजेटको आकार र क्षेत्रगत सिमा तथा मार्गदर्शन राष्ट्रि योजना आयोगले अर्थ मन्त्रालयको समन्वयमा प्रत्येक वर्ष तोक्ने गर्दछ । यसका लागि, चालु आवधिक योजना सरकारका प्रतिबद्धता, सरकारका नीति तथा कार्यक्रमलाई आधार लिनुपर्दछ ।

बजेट तर्जुमाको जिम्मेवारी देहाय अनुसारको हुने गर्दछः

- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको जिम्मेवारी




S.S.ACADEMY

- सबै मन्त्रालय र निकायमा बजेट तर्जुमाका लागि ढाँचा र सिमा निर्धारण गरी पठाउने, अर्थमन्त्रालयले सबै निकायबाट पेश भएका बजेट र रा.यो.आ.को सुझाव सहितका आधारमा खर्च व्यहोर्ने स्रोत समेत खुलाई बजेटलाई अन्तिम रुप दिई बजेट संसदमा पेश गर्नुपर्ने जिम्मेवारी रहन्छ ।

- मन्त्रालयको जिम्मेवारीः
  - आफु अन्तर्गतका सबै निकायलाई मार्गदर्शन र सिमा पठाउने र आफ्नो मातहतको निकायबाट पेश भएको बजेटलाई रा.यो.आ. र अर्थ मन्त्रालयमा पठाउने ।
- सम्बन्धित निकायको जिम्मेवारीः
  - तालुक मन्त्रालयबाट प्राप्त मार्गदर्शन र सिमा अनुरुपको बजेट तर्जुमा गरी तालु निकायमा पठाउने
  - रा.यो.आ.ले मन्त्रालय/निकायबाट पेश भएको बजेट माथि नीतिगत छलफल गरी अर्थ मन्त्रालयमा आवश्यक सुझाव सहित पठाउने जिम्मेवारी रहन्छ ।

**बजेट निकासा प्रक्रियाः**





**बजेट निकासा प्रक्रिया**

- बजेट निकासा सम्बन्धी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा व्यवस्था गरिएको छ
- विनियोजन ऐन, पेस्की खर्च ऐन वा पूरक विनियोजन ऐन वा उधारो खर्च ऐन जारी भएपछि अर्थ मन्त्रालयको सचिवले सम्बन्धित मन्त्रालय/ निकायको सचिवलाई बजेट शीर्षक, उपशीर्षक र खर्च व्यहोर्ने स्रोत समेत खुलेको विवरण सहितको अख्तियारी उपलब्ध गराउनुपर्दछ ।
- सम्बन्धित सचिवले स्वीकृत बजेट र अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारी अनुसार कार्यक्रमको सञ्चालन र बजेट खर्च गर्ने विभाग तथा कार्यालयहरूलाई अख्तियारी दिनुपर्दछ । यस्तो अख्तियारीको बोधार्थ महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्रालयमा पठाउनुपर्दछ ।
- बजेट खर्च तथा कार्यक्रमको कार्यान्वयन गर्न अख्तियारी प्राप्त गर्ने निकायले स्वीकृत कार्यक्रम र बजेट अख्तियारीको आधारमा भुक्तानी आदेश पठाइ सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी निकासा प्राप्त गरी खर्च गर्नुपर्दछ ।
- सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रत्येक कार्यालयको लागि प्राप्त अख्तियारीको अभिलेख राखी स्वीकृत बजेटको सीमाभित्र रही कार्यालयबाट प्राप्त भुक्तानी आदेश बमोजिमको रकम निकासा भुक्तानी दिनुपर्दछ।
- कुनै कार्यालयको नाममा प्रदान भएको अख्तियारी बमोजिमको रकम कुनै कारणले रोक्का वा फिर्ता गर्नु परेमा अख्तियारी प्रदान गर्ने निकायले निकासा रोक्का राख्न सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई लेखी पठाउनुपर्दछ । यसरी रोक्का राख्न अनुरोध भई आए बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय रोक्का राख्नुपर्दछ । त्यस्तो रकम निकासा भइसकेको भए रोक्का हुन नसक्ने जानकारी रोक्का राख्न अनुरोध गर्ने निकायलाई कोष तथा लेखा नियन्त्रक कार्यालयले गराउनुपर्दछ ।
- वैदेशिक स्रोत समावेश भएका बजेट उपशीर्षकहरूका हकमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट स्रोत फुकुवा भएको सुनिश्चितता गर्नुपर्दछ । यस्तो स्रोत फुकुवा गर्दा नगद (अनुदान तथा ऋण) को हकमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रहेको खातामा रकम जम्मा भएको हुनुपर्दछ । नेपाल सरकारको स्रोतबाहेक अन्य स्रोत र भुक्तानी प्रक्रिया समावेश भएकोमा आवश्यक कागजातहरू पेश गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट फुकुवा लिनुपर्दछ ।

**बजेट चक्र**

बजेटको तर्जुमा देखि अनुगमन मूल्याङ्कन सम्मको समग्र क्रियाकलापको समष्टि नै बजेट चक्र हो ।

S.S.ACADEMY




**४.३ बजेट लेखाको प्रविष्टिः**

a) अर्थमन्त्रालयले गर्ने बजेट लेखा प्रविष्टिः बजेट विनियोजन हुँदा

| शिर्षक | विवरण | डे. रकम | के. रकम |
|---|---|---|---|
| | डे. बजेट हिसाब खाता (विनियोजन खाता) | XXXX | |
| | केः राष्ट्रपतिको कार्यालय<br>केः उपराष्ट्रपतिको कार्यालय<br>केः संवैधानिक निकायहरु<br>केः विभिन्न मन्त्रालयहरु<br>केः अन्य केन्द्रिय निकायहरु | | XXXX<br>XXXX<br>XXXX<br>XXXX<br>XXXX |
| | जम्मा | रु XXXX | रु XXXX |

ii) विनियोजित बजेट निकासा हुँदा



S.S.ACADEMY

| शिर्षक | विवरण | डे. रकम | क्रे. रकम |
|---|---|---|---|
| | डे : राष्ट्रपतिको कार्यालय<br>डे: उपराष्ट्रपतिको कार्यालय<br>डे: संवैधानिक निकायहरु<br>डे: विभिन्न मन्त्रालयहरु<br>डे: अन्य केन्द्रिय निकायहरु | XXXX<br>XXXX<br>XXXX<br>XXXX<br>XXXX | |
| | क्रे. बजेट हिसाब खाता | XXXX | XXXX |

**केन्द्रिय निकायले राख्ने लेखा प्रविष्टि:**

क) अख्तियारी प्राप्त रकमलाई बजेट हिसाब खातामा प्रविष्टि गर्ने:

केन्द्रिय निकायले अर्थमन्त्रालयबाट अख्तियारी प्राप्त भएपछि देहाय बमोजिम प्रविष्टि हुन्छ ।

| शिर्षक | विवरण | डे. रकम | क्रे. रकम |
|---|---|---|---|
| | डे. बजेट हिसाब खाता | XXXX | |
| | क्रे. अर्थ मन्त्रालय बजेट हिसाब खाता | | XXXX |
| | जम्मा | XXXX | XXXX |

ख) केन्द्रिय निकायले अन्य मातहतका निकायमा निकासा गर्दा:

| शिर्षक | विवरण | डे. रकम | क्रे. रकम |
|---|---|---|---|
| | डे: विभिन्न कार्यालयहरु | XXXX | |
| | क्रे: बजेट हिसाब खाता | | XXXX |
| | जम्मा | XXXX | XXXX |

S.S.ACADEMY

❖ कार्य संचालन निकायले गर्ने लेखा प्रविष्टिः

i) बजेट प्राप्त गर्दा

| शिर्षक | विवरण | डे. रकम | क्रे. रकम |
|---|---|---|---|
| | डे. विनियोजन बजेट हिसाब खाता | XXXX | |
| | क्रे. विनियोजन बजेट हिसाब अभिलेख खाता | | XXXX |
| | | XXXX | XXXX |

ii) भुक्तानी निकासा गर्दा

| शिर्षक | विवरण | डे. रकम | क्रे. रकम |
|---|---|---|---|
| | डेः को.ले.नि.का. एकल कोष खाता | XXXX | |
| | क्रेः विनियोजन हिसाब खाता | | XXXX |
| | जम्मा | XXXX | XXXX |

यसरी मन्त्रालय, केन्द्रिय निकाय र कार्यसंचालन स्तर निकायले बजेट अख्तियारी र निकासाको लेखा प्रविष्टि गर्दछन् ।

**श्रोतान्तर र रकमान्तरः**

**श्रोतान्तरः**

- स्वीकृत बजेटमा उल्लेख भएको कुनै बजेट उपशिर्षक वा खर्च शिर्षकको खर्च व्यहोर्ने श्रोत परिवर्तन गर्ने कार्य श्रोतान्तर हो ।
- बजेट तयारीका क्रममा अनुमान गरिए अनुसार बजेट खर्च व्यहोर्ने श्रोतमा रकम प्राप्त हुन नसकेको तर खर्च गर्नु पर्ने भएमा अर्को श्रोतमा रकम उपलब्ध भएमा खर्च व्यहोर्ने श्रोत परिवर्तन गरिन्छ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा २० को उपदफा (४) मा विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा श्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार अर्थमन्त्रालयलाई हुने कानूनी व्यवस्था रहेको छ ।



S.S.ACADEMY

- अर्थमन्त्रालयबाट श्रोतान्तर स्वीकृत भएपछि सोको विवरण म.ले.नि.का.मा लेखाङ्कन गराउनुपर्दछ ।
- महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनको लागि श्रोतान्तरको जानकारी सम्बन्धित मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्दछ ।
- सम्बन्धित निकायले महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त पत्रको जानकारी प्राप्त गरी सोहि अनुसार श्रोतान्तरको भौचर उठाई लेखा प्रविष्टि गर्नुपर्दछ ।

**रकमान्तरः**

- स्वीकृत वार्षिक बजेटको कुनै एक उपशिर्षकबाट अर्को उपशिर्षकमा रकम सार्ने कार्यलाई रकमान्तर भनिन्छ । रकमान्तर एकै बजेट उपशिर्षक भित्रका (आर्थिक संकेत) खर्च शिर्षकहरु बीच तथा बजेट शिर्षकहरु बीच हुने गर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७९को दफा २० मा रकमान्तर सम्बन्धमा रकमान्तर हुने उपशिर्षक, खर्च शिर्षक तथा अधिकार सम्बन्धमा कानूनी व्यवस्था रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७९मा रकमान्तर सम्बन्धमा भएका व्यवस्थाः

- विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोहि ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट विनियोजन ऐनमा तोकिएको सिमा भित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने कानूनी प्रावधान रहेको छ ।
- आफ्नो मन्त्रालय वा निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उपशिर्षकमा चालु खर्च तर्फ रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत रकम बचत भएको अन्य चालु बजेट उपशिर्षकहरुबाट विनियोजन ऐनमा तोकिएको सिमाभित्र रहि खर्च व्यहोर्ने श्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शिर्षकहरुमा सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर गर्न सक्ने प्रावधान रहेको छ
- यसरी रकमान्तर गर्दा तलब, पारिश्रमिक भत्ता, पोशाक, खाद्यान्न, पानी, बिजुली, संचार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पुँजिगत खर्चको लागि विनियोजित रकम चालू खर्चमा रकमान्तर गर्न पाइने छैन ।
- पुँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर अर्थ मन्त्रालयले गर्नेछ ।

**बजेट रोक्का वा नियन्त्रण वा थप गर्ने सम्बन्धी व्यबस्था**

- बजेट रोक्का वा नियन्त्रण सम्बन्धी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ मा व्यबस्था गरिएको छ ।

S.S.ACADEMY

- अर्थ मन्त्रालयले सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित बजेटबाट अन्य जुनसुकै रकम आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का राख्न वा नियन्त्रण गर्न सक्दछ ।
- विनियोजन ऐनमा विभिन्न कार्यालयलाई विभाजन गर्नुपर्ने रकम लेखा उत्तरदायि अधिकृतले आर्थिक बर्षको पहिलो चौमासिक सम्म पनि विभाजन नगरेमा अर्थ मन्त्रालयले रोक्का राख्न सक्ने
- विनियोजन ऐनमा समावेश भएको कुनै रकम आर्थिक बर्षको दोस्रो चौमासिक सम्म पनि खर्च नभएको वा बाँकि अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गते भित्र अर्थ मन्त्रलायमा सर्मपण गर्नुपर्दछ ।
- बजेट पुस्तिका (रातो किताब) मा उल्लेख भएको रकम सम्बन्धित बजेट उपशीर्षक र सो अन्तर्गतका खर्च शीर्षकमा खर्च गर्ने अधिकतम सीमा हो । यही सीमाभित्र रही अख्तियारी दिनु तथा खर्च गर्नु गराउनु सबै निकायको कर्तव्य हुनेछ ।
- अर्थ मन्त्रालयलाई विशेष अधिकार भएको अनुदान संकेत ६०० अन्तर्गत विनियोजित रकमलाई अर्थ बजेट भनिन्छ । अर्थ बजेटबाट कुनै बजेट उपशीर्षकको कुनै खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालय वा अर्थ मन्त्रालयले दिएको अख्तियारी बमोजिम महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई मात्र हुन्छ। अर्थ बजेटबाट थप भएको रकमको लेखा राखी सोको विवरण छुट्टै देखिने गरी स्पष्ट गरी राख्नुपर्दछ र सोही अनुसार खर्चको फाँटवारी तयार गर्नुपर्दछ ।

थप निकासा

आर्थिक वर्षको बिचमा विनियोजन भएको रकमले नपुग भई वा नयाँ कार्यक्रम समावेश गर्न परी थप रकमको आवश्यकता भएमा सम्बन्धित निकायबाट अर्थ मन्त्रालयमा थप रकम व्यवस्थाको लागि देहायका प्रक्रिया अपनाउनु पर्दछ ।

- थप रकम व्यवस्थाको लागि सम्बन्धित मन्त्रालय/ निकायको सचिव स्तरीय निर्णयबाट अर्थ मन्त्रालयमा अनुरोध भएको हुनुपर्दछ ।
- थप निकासा माग गर्दा सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकमा रकम माग गर्दाको समयसम्म भएको खर्चको फाँटवारी संलग्न गरी थप रकम आवश्यकता पर्नुको कारण पुष्ट्याईसहित उल्लेख गर्नुपर्दछ ।
- थप रकम निकासा माग गरेकोमा मन्त्रालय र अन्तर्गतका कार्यक्रमहरूबाट बजेट परिचालन गर्नसक्ने सम्भावना भए, नभएको खुलाउनु पर्दछ ।
- विकास कार्यक्रमको लागि थप बजेट माग गरिएकोमा अर्थ मन्त्रालयले आवश्यकता, औचित्य तथा बजेट उपलब्धता समेतलाई विचार गरी थप बजेट उपलब्ध गराउन सहमति दिएमा सम्बन्धित मन्त्रालय/ निकायले प्राप्त सहमतिको आधारमा संशोधित कार्यक्रम तयार गरी स्वीकृत गराई थप बजेट निकासा लिनुपर्दछ ।


S.S.ACADEMY

- नयाँ कार्यक्रमको लागि थप रकम माग गरिएको भएमा त्यस्तो कार्यक्रममा राष्ट्रिय योजना आयोगको सहमति प्राप्त संलग्न भएको  हुनुपर्दछ ।
- थप रकम व्यवस्थाका लागि मन्त्रिपरिषदबाट निर्णय भई आएको भएमा निर्णयको प्रतिलिपि संलग्नगरी सम्बन्धित मन्त्रालय/ निकायबाट अर्थ मन्त्रालयमा प्राप्त हुनुपर्दछ। अर्थ मन्त्रालयको पूर्व सहमति नभएको विषयमा मन्त्रिपरिषदबाट निर्णय भई आएको भएमा अर्थ मन्त्रालयले विद्यमान कानुनी तथा नीतिगत व्यवस्थामा पार्नसक्ने असर र भविष्यमा सिर्जना हुनसक्ने नकारात्मक प्रभाव समेतको विश्लेषण गरी निर्णयमा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गरी निर्णय भए अनुसार थप रकम निकासा दिन सक्नेछ ।
- बजेटमा नपरेका कार्यक्रमका लागि बजेट उपलब्ध गराई दिन सोझै अर्थ मन्त्रालयमा अनुरोध भई आएका विषयहरू अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालय/ निकायमा पठाउनु पर्दछ । सम्बन्धित मन्त्रालयहरूले थप बजेटका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्नुपर्ने देखिएमा माथिका बुँदाहरूमा उल्लेखित प्रक्रियाहरू अनुरूप नै गर्नुपर्दछ ।

**पेस्की खर्च**

बिनियोजन विधयेक विचाराधिन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीको रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ। पेस्की खर्चका रूपमा हुने खर्चलाई समेत नियमित बजेट खर्च जस्तै गरी खर्च लेखांकन गर्नुपर्दछ ।

**उधारो खर्च**

प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अन्य कुनै कारणले गर्दा स्थानीय वा देशव्यापी सङ्कटको अवस्था भई बजेटमा खुलाउनुपर्ने विवरण खुलाउन अव्यवहारिक भएमा वा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएको अवस्थामा नेपाल सरकारबाट व्ययको विवरण मात्र भएको उधारो खर्च विधयेक संसदमा पेश भई संसदबाट स्वीकृत भएमा उधारो खर्च गर्न सकिन्छ। यस प्रकारको लेखा पनि नियमित बजेट सरह नै राख्नुपर्दछ।

पूरक अनुमान

कुनै आर्थिक वर्षका लागि खर्च गर्न विनियोजन ऐन (बजेट) बाट स्वीकृत भएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि बजेटले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्नुपर्ने भएमा वा अख्तियारी दिएको भन्दा बढी रकम खर्च गर्नुपर्ने भएमा सरकारले पूरक अनुमान संसदमा पेश गर्न सक्छ। पूरक अनुमानमा समावेश

S.S.ACADEMY

भएका खर्च शीर्षकहरूलाई विनियोजन ऐनका सम्बन्धित शीर्षकहरूमै समावेश गरी खर्च गर्नु र सोको लेखा राख्नुपर्दछ ।

**बहुवर्षीय बजेट**

तोकिएको ठोस  कार्यको उपलब्धिका लागी एक आर्थिक वर्षभन्दा बढी अवधिसम्म कार्यान्वयन गर्न लाग्ने प्रकारका योजनाका लागि बजेट व्यवस्था गर्नुपर्ने भएमा आयोजनाको विवरण खोली सम्बन्धित मन्त्रालय/ निकायबाट अर्थ मन्त्रालयको सहमति प्राप्त गर्नुपर्दछ । बहुवर्षीय बजेटलाई त्रिवर्षीय खर्च प्रक्षेपण अनुरूप हरेक वर्षको नियमित बजेटमा समावेश गरी खर्च गर्नु गराउनु र लेखा राख्नुपर्दछ ।

**बजेट निर्माण :**

- बजेट निर्माण सम्बन्धी कार्य कार्यपालिका — सरकार को हो । नेपालको सन्दर्भमा अर्थमन्त्रालयले राष्ट्रिय योजना आयोग संग समन्वय गरी वजेट निर्माण गर्दछ ।
- व्यबस्थापिका संसदको वैठकमा अर्थमन्त्रिले पेश गरेपछि  संसदमा छलफल स्वीकृत पारित पश्चात अन्तिम स्वीकृतिको लागी राष्ट्रपति समक्ष पेश गरिन्छ र राष्ट्रपतिवाट स्वीकृत भएपछी वजेट निर्माणको चरण पुरा हुन्छ।

**बजेट कार्यान्वयन**

- बजेट  प्रणालिको सवै भन्दा महत्वपुर्ण पक्ष नै वजेट कार्यान्वयन हो । यो बजेटले निर्धारण गरेका लक्ष्य तथा उद्येश्यहरु लाई व्यबहारमा रुपान्तरण गर्ने प्रक्रिया हो ।
- बजेट कार्यान्वयनमा मुख्यतया अर्थ मन्त्रालय, विषयगत मन्त्रालय,  महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय,  नेपाल राष्ट्र वैक, सरकारी आर्थिक कारोवार गर्ने वैक, तथा सम्बन्धीत कार्यालयहरु रहन्छन ।

**बजेट मूल्याङ्कन**

- बजेट मार्फत घोषणा गरीएका नीति तथा कार्याक्रमहरुको कार्यान्वयन र सो वाट प्राप्त उपलब्धीको व्यबस्थित लेखाजोखा गर्ने कार्य नै बजेट मूल्याङ्कन हो । कार्यान्वयनमा लगिएका कार्यक्रमहरुको प्रभावको वारेमा विश्लेषण गरी भावी कार्यक्रमको कार्यान्वयनमा पृष्ठपोषण प्रदान गर्दछ ।
- बजेट मूल्याङ्कन मुख्यतः बजेटको उपलब्धी प्रतिफल र प्रभावको लेखा जोखामा केन्द्रित हुन्छ ।
- बजेट मूल्याङ्कन दुई तरिकावाट गरिन्छ :
    - योजना कार्यक्रमको प्रगति मूल्याङ्कन

S.SACADEMY

- लेखापरीक्षण

- प्रगति मूल्याङ्कनः तालुक मन्त्रालय, विभाग तथा कार्यालय वाट गरिन्छ जस्तै अर्थमन्त्रालय , राष्ट्रिय योजना आयोग वाट मासिक द्धैमासिक तथा चौमासिक गरिन्छ ।
- मध्यावधि मूल्याङ्कनः अर्थ मन्त्रालयले बजेट कार्यान्वनको ६ महिना पछि , ६ महिना सम्मको समिक्षा र वाँकि ६ महिनाको आंकलन गर्ने गरेको पाईन्छ ।
- आ.व समाप्त भएपछी उपलब्धी मूल्याङ्कन गरीन्छ ।

नेपालको बजेट प्रणालीमा देखीएका समस्या र समाधानका उपायहरु

**बजेट अनुमानमा देखीएका समस्याहरु**

- उपलब्ध स्रोत साधन भन्दा मागका आधारमा बजेट वनाउने प्रवृति ।
- वैदेशिक अनुदान र ऋणको स्पष्ट सूचना तथा तथ्याङ्कको अभावमा त्यस्तो स्रोतवाट व्यहोरिने बजेट यथार्थपरक हुन नसक्नु ।
- आकस्मिक दायित्व व्यबस्थापनमा समस्या ।
- राजनीतिक दवावमा अनुत्पादक र वितरणमुखी कार्यक्रमको लागी बजेट छर्ने प्रवृति
- चालु खर्च र पुजिगत खर्चको विनियोजन औचित्यपुर्ण वन्न नसक्नु ।
- बजेट तर्जुमा गर्दा अन्तरनिकाय समन्वय र सहकार्यको अभाव

**बजेट कार्यान्वयनका समस्याहरुः**

- आयोजना प्राथमिकिकरण कार्य व्यबस्थित र वैज्ञानिक नभएको ।
- आयोजनाहरुको पुर्व तयारी विना नै बजेट राख्ने प्रवृति जस्तै — विस्तृत संभाव्यता अध्ययन ,ड्रइङ तथा डिजाइन , जग्गा तथा मुआव्जाको प्राप्ति सुनिश्चितता वेगर नै खरिद प्रक्रिया शुरु गर्ने प्रवृति ।
- आर्थिक वर्षको अन्त्यमा ठूलो खर्च गर्ने प्रवृति ।
- श्रोतान्तर र रकमान्तरको व्यापक दुरुपयोग ।
- सार्वजनिक खरिद कार्यमा व्यबशायिकता तथा स्वच्छ प्रतिस्पर्धा कायम गराउने परिपाटि विकास नहुनु
- सरोकारवाला निकाय वीच पर्याप्त समन्वयको अभाव ।
- वित्तीय प्रगतिका आधारमा निकासा दिने प्रणालिको कार्यान्वयन नभएको ।
- विदेशी सहयोगमा सञ्चा लित आयोजनाहरुको दातृ निकायवाट समयमै सोधभर्ना नहुनु ।
- विकास समस्या समाधान समितिको वैठकको प्रभावकारीता कमजोर हुनु ।
- परियोजना प्रमुखको छिटो छिटो सरुवा हुने गरेको ।

S.S.ACADEMY

**बजेट मूल्याङ्कनका समस्याहरु**

- औपचारीकता को रुपमा सिमित मूल्याङ्कन ।
- नतिजाको सट्टा बजेट खर्चको विवरण र खर्च कागज , प्रक्रियाको मात्र मूल्याङ्कन हुने गरेको ।
- बस्तुनिष्ठ अनुगमन मूल्याङ्कन सूचककव निर्माण नगरिनु तथा भएका सूचकको पनि अनुसरण नगरिनु
- अनुगमन मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग न्युन हुनु ।
- मूल्याङ्कन वाट प्राप्त पृष्ठपोषणको आधारमा कार्यान्वयनमा सुधार गर्ने पद्धतिको बिकास नहुनु ।

समाधानका उपायहरु

**बजेट अनुमानमा गर्नु पर्ने सुधार**

- आयोजना वैकमा सम्पुर्ण आयोजनाहरुको प्रविष्टि गरी प्राथमिकताका आधारका बजेट विनियोजन गरिनुपर्दछ ।
- बजेट तर्जुमाकै वेला नै सूचकाङ्क सहितको अनुगमन मूल्याङ्कन प्रणाली निर्माण गर्नुपर्ने देखिन्छ ।
- चालु खर्चको मापदण्ड वनाई निश्चित दायरा भित्र राखे ।
- प्रति इकाई लागतका आधारमा बजेट विनियोजन गर्ने ।
- बजेट तर्जुमा गर्दा सरोकारवाला निकाय संग पर्याप्त समन्वय र सहकार्य गर्ने ।
- मध्यमकालिन खर्च संरचना र योजना वीच तालमेल हुने गरी वजेट विनियोजन गर्ने ।
- राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना तथा कार्यक्रमको लागी मात्र वैदेशिक सहायता लिने ।

**बजेट कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु**

- बार्षिक खरिद योजना र गुरु योजना निर्माण गर्ने ।
- विस्तृत डिजाईन तथा लागत अनुमान एवम् खरीद सम्बन्धी कागजातको तयारी सूचना प्रकाशनका कार्य समयमै सक्ने गरी वार्षिक कार्यतालिका निर्माण गर्ने ।
- निर्माणकार्यमा जग्गा प्राप्ति,मुआव्जा विवाद समाधान गरी तथा वातवरणिय प्रभाव मूल्याङ्कनको प्रतिवेदन स्वीकृत गराई खरिद प्रक्रिया सुरु गर्ने ।
- तोकिएको परिमाण,लागत ,गुणस्तर र समयसिमा भित्र निर्माण सम्पन्न गर्ने निर्माण व्यबसायीलाई वित्तीय र गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने तथा नगर्ने निर्माण व्यबसायीलाई कारवाहि गर्ने ।
- राष्ट्रिय सतर्कता केन्द्र वाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउने ।
- तोकिएको परिमाण,लागत ,गुणस्तर र समयसिमा भित्र निर्माण सम्पन्न गर्न आयोजना प्रमुख तथा निर्माण व्यबसायी लाई जवाफदेही वनाउने ।

S.S.ACADEMY

- आयोजनाको भौतिक प्रगतिका आधारमा भुक्तानी दिने व्यवस्था मिलाउने ।
- वैदेशीक स्रोतवाट बजेट रकम खर्च गर्नुपुर्व उक्त स्रोतवाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने ।
- दातृ निकाय वाट सञ्चालित आयोजनाको समयमै सोधभर्ना लिने ।
- नतिजामा आधारीत कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र सजाय प्रणाली नीति अवलम्बन गर्ने ।

**बजेट मूल्याङ्कनमा देखिएका समस्या समाधानका उपायहरु**

- वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन सूचक निर्माण गरी मूल्याङ्कनलाई नतिजामुखि वनाउने ।
- सूचना प्रविधिको प्रयोग मार्फत अनुगमन मूल्याङ्कनलाई विश्वासनिय र भरपर्दो वनाउने ।
- मूल्याङ्कन प्रतिवेदन कार्य लाई अनिवार्य गर्ने ।
- मूल्याङ्कन वाट पृष्ठपोषणलाई सिकाईको रुपमा ग्रहण गरी सुधारात्मक कदम चाल्ने ।
- पर्याप्त भौतिक तथा मानवीय स्रोतको व्यबस्थापन गर्ने ।

**आर्थिक वर्ष २०७९ ८० को नेपाल सरकारको बजेट**

उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने लगायत पाँचवटा उद्देश्य राखिएको, यी उद्देश्य हासिल गर्न विभिन्न दशवटा प्राथमिकताका क्षेत्र निर्धारण गरिएको,

- कूल विनियोजित बजेट १७ खर्ब ९३ अर्ब ८३ करोड ।
- चालु खर्चतर्फ : ७ खर्ब ५३ अर्ब ४० करोड, (४२%) |
- पूँजीगत खर्चतर्फ ३ खर्ब ८० अर्ब ३८ करोड (२१.२%) |
- वित्तीय व्यवस्थातर्फ २ खर्ब ३० अर्ब २२ करोड (१२.८%) ।
- प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब २९ अर्ब ८३ करोड (२४%) |
- राजश्व संकलन लक्ष्य : १२ खर्ब ४० अर्ब ११ करोड (कूल व्ययको ६९.१३%) |
- वैदेशिक अनुदान: ५५ अर्ब ४६ करोड, (३.०९%) | न्यून वित्त (घाटा बजेट ४ खर्ब ९८ अर्ब २६ करोड (करिब २७.७७%) |
- वैदेशिक ऋण २ खर्ब ४२ अर्ब २६करोड (१३.५०%) |
- आन्तरिक ऋण २ खर्ब ५६ अर्व १४.२७%) ।

**आ व २०७९/८० को बजेटका उद्देश्यहरू**

- उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने
- उपलब्ध प्राकृतिक स्रोत साधन, श्रम शक्ति पूँजी र प्रविधिको एकीकृत परिचारि गरिबी निवारण गर्ने,

S.S.ACADEMY

- वित्तीय अनुशासन कायम गर्ने र मुद्रास्फीतिलाई वान्छित सीमाभित्र राम्री समर्थक स्थायित्व कायम गर्ने, प्र
- देश र स्थानीय तहमा साधन र स्रोतको हस्तान्तरण गरी रूपमा स्थापित गर्ने
- आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत सन्तुलित, समावेशी, आत्मनिर्भर एवम् स अर्थतन्त्रको आधार निर्माण गर्ने ।

**चालु आ व २०७९/८० को बजेटका प्राथमिकताहरू**

- कृषि क्षेत्रको रूपान्तरण,सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि
- रोजगारी सिर्जना
- गरिवी निवारण,नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विका मानव संसाधन विकास,
- पूर्वाधार विकास र पूँजी निर्माण,
- जलविद्युत उत्पादन, प्रशारण लाइन विस्तार र ग्रामीण विद्युतीकरण,
- औद्योगिक विकास, लगानी प्रबर्द्धन र
- पर्यटन क्षेत्रको पुनरुत्थान
- वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण,
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन तथा आवधिक निर्वाचन
- वैज्ञानिक अनुसन्धान र विकास

**चालु आ व २०७९/८० को बजेटका सोचहरू (परिमाणात्मक लक्ष्य)**

- आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूलको आयात आगामी वर्ष न्यूनतम ३० प्रतिशतले कम गर्ने,
- आगामी वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशले घटाउने र आगामी पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने,
- मर्यादित रोजगारी बार्षिक ३० प्रतिशतका दरले वृद्धि गर्ने
- भूमिहीन दलितलाई आगामी तीन वर्षभित्र आवास उपलब्ध
- वार्षिक ८ लाख नेपालीलाई निरपेक्ष गरिबीको रेखाबाट माथि ल्याउने,
- स्वास्थ्य र शिक्षा क्षेत्रको गुणस्तर सुधार गरी मानव विकास ०.६५०
- आर्थिक वृद्धि दर ८ प्रतिशत हासिल

S.S.ACADEMY